आज मिति २०८२ साल भाद्र २० गते शुक्रबारको दिन बिहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को तेस्रो कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

**उपस्थिती:**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| १ | भद्रबहादुर राई | प्रशासन शाखा प्रमुख | |
| २ | भावना पराजुली | प्रशासन सहायक | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: शिविर संचालन समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. ३: ठुला आयोजना प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ४: वडास्तरीय योजना संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ५: कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ६: विविध सम्बन्धमा ।

निर्णयहरु:

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

निर्णय: अघिल्लो कार्यपालिका बैंठकले गरेका निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो ।

प्रस्ताव नं. २: शिविर संचालन समिक्षा सम्बन्धमा ।

निर्णय नं.१ मिति २०८२/०४/२७ गतेको सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण शिविर संचालन सम्बन्धी प्रकाशित सूचना बमोजिम काठमाडौं,ईटहरी र खादबारीमा संचालन भएको शिविरबाट समग्रमा पालिकाका १३३ जना र पालिका भन्दा बाहिरका ४ जना गरी १३७ जनाले प्रत्यक्ष रुपमा सेवा पाउनुभएको र उक्त शिविर सन्तोषजनक भएको निर्णय सर्वसहमतिले निर्णय पारित गरियो ।

निर्णय नं.२ शिविर संचालन वापत लागेको घर भाडा लगायत अन्य स्टेशनरी लगायतको विविध खर्च रु.८०,०००।–रकम विनियोजन ऐन,२०८२ को १.१८ कार्यक्रम खर्च शिर्षक बाट व्यहोर्ने निर्णय सर्वसहमतिले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ३: ठुला आयोजना प्रगति सम्बन्धमा ।

निर्णय नं. १ यस अर्थिक वर्षमा संचालित ठुला आयोजनाहरु विशेष गरी ताम्कु प्राथमिक स्वास्थ्य केन्द्रको पाँच शैया अस्पतालको भवन निर्माण आयोजना, बखलटुम बेलिब्रिज निर्माण आयोजना,बुधावारे कृषि बजार व्यवस्थापन निर्माण आयोजना,५ नम्बर वडा कार्यालयको भवन निर्माण आयोजना लगायतका आयोजनाहरुको प्रगति बुझ्दा सन्तोषजनक रहेको निष्कर्ष सहित निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं. २ संघिय विशेष अनुदान अन्तर्गतको बुधबारे कृषि बजार व्यवस्थापन निर्माण आयोजनाको लागत अनुमान रु.६७,९७,५९७.०३ स्वीकृत गरी ठेक्का आह्वन गर्ने तथा प्रदेश समपुरक साझेदारी अन्तर्गत को ५ नम्बर वडा कार्यालय भवन निर्माण आयोजनाको लागत अनुमान रु.१,९९,९१,२६५.४५/- स्वीकृत गरी एक वर्ष भित्र सम्पन्न गर्ने गरी ठेक्का आह्वन गर्ने र गाउँ पालिकाको बाकि साझेदारी रकम रु. २०,००,०००/- हिंउदे सभाबाट स्रोत सुनिश्चित गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं. ३ संघीय समपुरक साझेदारी अन्तर्गतको ताम्कु प्राथमिक स्वास्थ्य केन्द्रको पाँच शैया अस्पतालको भवन निर्माण आयोजनाको निर्माण प्रक्रिया सम्बन्धमा पुर्वनिर्धारित लागत अनुमान,स्वीकृत डिजाईन तथा ड्रइङ अनुसारनै निर्माण कार्य अघि बढाउदा भवनको दाँया तर्फको दक्षिण भागमा उच्च देखिएको एवम प्राविधि नाप जाँच गर्दा उक्त भवनको दायाँ तर्फको अगाडीको भागमा करिव ३ मिटर

निजि जग्गामा पर्ने देखिएको वायाँ तर्फ करिव ४ मिटर सारेर लागत अनुमान तयार एवम् स्वीकृत गरी निर्माण कार्य अघि बढाउदा जोखिम न्यूनिकरण हुने देखिएको मिति २०८२/०५/१९ गतेका दिन गाउँपालिकाका उपाध्यक्षको संयोजकत्मा स्थानीय वुद्धिजिवि सहितको टोलिले स्थलगत अनुगमन तथा मुल्याङ्कन समितिले सिफारिस गरेको बिषयलाई अनुमोदन गर्दै सात करोडको लागत अनुमान स्वीकृत गरी ठेक्का आह्वन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

प्रस्ताव नं. ४: वडास्तरीय योजना संचालन सम्बन्धमा ।
निर्णय: सबै वडाका वडास्तरीय खासगरी पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरु लाई छिटो छरितो रुपमा समयमै समापन गर्न उपभोक्ता समिति गठनको प्रक्रियालाई नियमानुसार यथाशिघ्र अघि बढाउने र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद विधि लाई आयोजनाको प्रकृति र आवश्यकताको आधारमा अबलम्वन गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

प्रस्ताव नं. ५: कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
निर्णय: २०८२/०५/०१ गतेको सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी प्रकाशित सुचना बमोजिम जनस्वास्थ्य अधिकृत पदमा ४ जनाको दरखास्त आह्वन स्विकृत भएको,त्यसैगरी स्टाफ नर्स मा ३ जनाको दरखास्त आह्वन स्विकृत भएको,अ.न.मी. पदमा एक जनाको दरखास्त आह्वन भएको र सोको परीक्षा संचालन सम्बन्धमा यहिँ भाद्र १६ गते सार्वजनिक सेवा तथा क्षमता विकास समिति को बैठकले यहिँ मिति २०८२/०५/२७ गते परीक्षा संचालन गरी कर्मचारी छनोट गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

प्रस्ताव नं. ६: विविध सम्बन्धमा ।
निर्णय नं. १ लघु उद्यम विकास कार्यक्रम संचालन सम्बन्धमा विशेष गरी नयाँ उद्यमी सिर्जना कार्यक्रम यस आर्थिक वर्षमा ५ नम्बर वडामा संचालन गर्ने तथा उक्त कार्यक्रमको उद्यम विकास समिति गठन तथा अनुगमन तथा मूल्याङ्कन समितिको गठन सम्बन्धमा सम्बन्धीत समितिका संयोजक ज्यूले गठन गरी कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

निर्णय नं. २ श्री सगरमाथा माध्यामिक विद्यालयको विज्ञान प्रयोगशाला निर्माण सम्बन्धमा आ.व.२०७५/७६मा मिति २०७६/०३/३१ गते विद्यालयको खातामा गाउँपालिकाले रु.२७,९२,०००।– भुक्तानी गरेको सो सम्बन्धमा मिति २०८२/०५/०२ ल्याव सामाग्री खरिदका लागि प्रक्रिया अघि बढाइदिने सम्बन्धमा विद्यालयले निवेदन माग भएको हुनाले सो सम्बन्धमा विद्यालयलाई अहिलेसम्म रकम होल्ड हुनुको कारण सहितको प्रतिवेदन माग गरी कानून सम्मत रहेको

खण्डमा अध्ययन गरेर मात्रै आगामी कार्यपालिकाको बैठकबाट प्रचलित खरिद ऐन र नियमावली बमोजिम खरिदप्रक्रिया अघि बढाउने अनुमति दिने सर्वसहमतिले निर्णय पारित गरियो ।

निर्णय नं. ३ शिक्षा तथा मानव स्रोत विकास केन्द्र,सानोठिमी, भक्तपुर को च.न.२ मिति २०८२/०४/०७ गतेको पत्र तथा शिक्षा विकास तथा समन्वय इकाइको च.न. ८४,मिति २०८२/०५/०५ गतेको पत्रानुसार प्रधानाध्यापक नियुक्ति सम्बन्धमा शिक्षा नियमावली २०५९ ( संशोधन सहित ) को परिच्छेद-१७, नियम ९३ बमोजिम गर्ने भनी पत्र प्राप्त भएको सो सम्बन्धमा प्र.अ. बैठकमा जानकारी गराई परिपत्र बमोजिमको निर्णय कार्यान्वयनका लागि विद्यालयलाई परिपत्र गर्ने निर्णय सर्वसहमतिले निर्णय पारित गरियो ।

निर्णय नं. ४ भूमि समस्या समाधान आयोग ताहाचाल,काठमाण्डौं को भूमिहीन दलित,सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी अन्तिम पटकको सूचना प्रकाशन मिति २०८२/०४/३० गतेको सूचना सम्बन्धमा सम्वन्धित वडा कार्यालयले विवरण संकलन गरी आवश्यक प्रक्रिया पुरा गरेर पालिकामा पेश गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

निर्णय नं. ५ सिलीचोङ गाउँपालिका सहकारी संस्थाहरुलाई नियमानुसार समयमै समग्र गत आर्थिक वर्षको आर्थिक कारोबारको लेखापरीक्षक नियुक्ति गरी लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्न लगाउने तथा मकालु बरुण राष्ट्रिय निकुञ्ज को समेत लेखापरीक्षण प्रतिवेदन माग गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

निर्णय नं. ६ श्री घरपझोङ गाउँपालिकाको आयोजनामा मिति २०८२/०५/३१ गते संचालित जलवायु सम्मेलनमा तहाँ कार्यालयको च.न. १३६ मिति २०८२/०४/२३ गतेको पत्रानुसार सहभागिको लागि गाउँपालिकाको अध्यक्ष श्री भुपाल राज राई ज्यू,उपाध्यक्ष देविता राई र दुई नम्बर वडाका वडाध्यक्ष श्री मोहन शमशेर राई र प्रमुख प्रशासकिय अधिकृत श्री प्रविण राई को भ्रमण स्वीकृत गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

निर्णय नं. ७ सबै वडा कार्यालयहरुमा वडाका सबै सदस्य,राजनितिक दलका पदाधिकारी, टोल संयोजक, कर्मचारी तथा स्थानीय नागरिक सबैलाई सहभागि गराएर आर्थिक ऐनको बारेमा कर सचेतना कार्यक्रम संचालन गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।